## निर्णय नं. १

चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम व.शी.नं. ३११५९ विहिवारे हाट गोसखाना प्रदेशसँग साझेदारी शिर्षकमा स्वीकृत रकम रु. २६,००,०००।– (छविस लाख मात्र) बाट खर्च भई वचत रहेको रकम रु. १,०४,३४९।– निम्नानुसारका योजनामा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- सिंहदेवी आ.वि. पहिरो रोकथाम तारजाली खरिद रु. २९,१४९।–
- ध.न.पा.–७ व्यापारिक भवन सटर मर्मत – रु. ४५,२००।–
- गोमा कृषि तथा पशुपंक्षि फर्म सुधार – रु. ३०,०००।–

जम्मा :–रु. १,०४,३४९।–

## निर्णय नं. २

धनकुटा नगरपालिका वडा नं.–७ मा रहेको चिप एण्ड वेष्ट होटल भएको भवनको शौचालयको सिपेज रोक्न गरिएको मर्मत तथा वसपार्कमा रहेका भवनमा १ शौचालय निर्माण गर्दा लागेको रकम रु. ३,८७,४८८।६७ निम्न शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

- मेशिनरी उपकरण (शैक्षिक सुधारका लागि विधालयमा सिसि टि भि जडान) रु. २,००,०००।–
- व.शी.नं. ३११५१ जिरो प्वाइन्ट वसपार्क सडक प्रदेश सँग साझेदारी रु.१,८७,०००।–

## निर्णय नं. ३

चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम व.शी.नं. ३११५१ ड्यालुसा सडकमा वचत रहेको रकम रु. १,००,०००।– व.शि.नं. ३११५१ सम्झना टोल सडक स्तरोन्नती शिर्षकमा थप गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ग्रिन कागते निगाले पर्यटन विकास कार्यक्रममा स्वीकृत रकम मध्येबाट खर्च भई वचत रहेको रु. ४५,०००।– ग्रिन कागतेमा निर्माण भएको कागती स्तंभमा विछ्याएको व्लकको भुक्तानीका लागि कागती स्तम्भ निर्माण उपभोक्ता समितिलाई उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

वडा नं.३ को वडास्तरीय कार्यक्रम व.शी.नं. ३११५९ संघ संस्था साझेदारी शिर्षकमा वचत रहन गएको रकम रु. ७०,०००।– चतुर्भुज चालुङ्गा सिलुङ्गा कृषि सडक ध.न.पा.–३ लाई भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ६

चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम व.शी.नं. ३११५१ जिरोप्वाइन्ट वसपार्क सडक साझेदारीमा स्वीकृत रकम ३२ लाख मध्ये वचत रहन गएको १०१३०००/-(दश लाख तेह्र हजार)लाइ निम्नानुसारका योजना एवं कार्यक्रममा विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

- गिताञ्जली कृषि तथा पशुपंक्षी फर्म स्प्रेयर खरिद रु. ८,०००।–
- आयुर्वेदिक औषधालय व्यवस्थापन – रु. १,००,०००।–
- सुन्तले खानेपानी व्यवस्थापन धनपा २ – रु. ९०,०३२।७५
- वडा कार्यालय राधाकृष्ण मन्दिर किन्ताङ्ग सडक धनपा २ – रु. ५,००,०००।–
- चतुर्भुज प्रा.वि. चालुङ्गा–सिलुङ्गा कृषि सडक धनपा २ – रु. ३०,०००।–
- अमरज्योती खेलमैदान धनपा ९ – रु. १,५०,०००।–
- सगरमाथा टिन्स क्लव दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम–रु. ४०,०००।–
- ढाका उद्योग नुनथला सडक ग्राभेल गिटी विछ्याउने – रु. ३०,०००।–
- आँखा अस्पताल खोल्सी मुनी पहिरो सफा गर्ने – रु. १०,०००।–
- राजश्व शाखाको वाहिर भुई प्लाष्टर – रु. ४०,०००।–

९९८०३२.७५

## निर्णय नं.७

धनकुटा नगरपालिका–१ हिलेबाट फोहरमैला केन्द्रमा फोहर ल्याउने ट्र्याक्टरका चालक श्री नविन कार्की र धनकुटा वजारको फोहरमैला केन्द्रसम्म फोहर संकलन गरी पुर्याउने ट्याक्टर चालक श्री प्रेमवहादुर भुजेललाई लुगा भत्ता वापतको रकम प्रतिव्यक्ति रु. १०,०००।– का दरले उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

धनकुटा नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये प्रशासन, योजना तथा अनुगमन शाखा, वातावरण उपशाखा, राजश्व उपशाखा, आर्थिक प्रशासन शाखा, भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखामा निरन्तर कार्यरत कर्मचारीहरु र प्रमुख प्रशासकिय अधिकृतलाई विहान बेलुका अतिरिक्त समय काम गरेवापत तथा योजना अनुगमन, लगायतका कार्यमा खटिए वापत खाना खर्च प्रति महिना प्रति व्यक्ति रु. ३,०००।– का दरले २०७६ श्रावण देखि उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ९

चालु आ.व. का तपसिलमा उल्लेखित कार्यक्रमहरु विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइसर (कोभिड–१९) का कारण नेपाल सरकारले गरेको वन्दावन्दिले श्रमिक, कच्चा पदार्थ उपलव्धताको समश्याका कारण समयमा कार्य सम्पन्न गर्न कठिनाई उत्पन्न भई कार्य हुन सकेन । हाल कार्य सुचारु भइ निरन्तर काम भइ रहदापनि योजना सम्पन्न हुन नसकी अधुरै रहन गएका र आगामी वर्ष उक्त योजनाहरुका लागि रकम विनियोजन नभएको हुनाले योजना सम्पन्न गराउन २०७७ असोज मसान्त सम्म म्याद थप गरी योजनाका लागि विनियोजन भएको रकम धरौटी खातामा सारी राख्ने निर्णय गरियो ।

- चुलिवन भ्यू टावर फिनिसिङ्ग गर्ने कार्य

## निर्णय नं. १०

चालु आ.व. को स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत हिलेमा निर्माण भईरहेको धनकुटा खेल मैदानलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्ड अनुसारको निर्माण गर्न खेलाडीको दवावका कारण सोही अनुसार निर्माण गर्दा माटो कटिङ्ग ल.ई. भन्दा धेरै गुणाले वढुन गइ सम्झौतानुसारको ल.इ.ले निर्माण व्यवसायीले भूक्तानी लिन नमानेको हुनाले ल.ई. मा रहेको मञ्च निर्माण हटाई माटो कटिङ्ग गर्ने, माटो फ्याक्ने, माटो फिलिङ्ग गर्ने गरी ल.इ. संशोधन गर्ने र उक्त योजनाबाट कन्टिन्जेन्सी रकम कट्टा नगरी काम सम्पन्न गराइ भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ११

धनकुटा नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा १६ नगर शिक्षा समिति सम्वन्धी व्यवस्था (१) ख मा नगुरसभाका सदस्यहरु मध्येवाट नगर कार्यपालिकाले मनोनीत गरेका महिला तथा दलित समेत तीनजना सदस्य रहने व्यवस्था भएकोले उक्त समितिमा निम्न महानुभावहरुलाइ मनोनयन गर्ने निर्णय गरियो ।

कार्यपालिका सदस्य श्री सुलोचना वसेल

वडा अध्यक्ष वडा नं. ४ श्री जमशेर राइ

वडा अध्यक्ष वडा नं. ५ श्री धनकुमार राइ

**निर्णय नं. १२**

धनकुटा नगरपालिका क्षेत्र भित्रका तपसीलमा उललेखित विद्यालयहरुमा कक्षा थप अनुमति दिन नगर शिक्षा समितिवाट सिफारिस भइ आएको हुनाले कक्षा थप अनुमति दिने निर्णय गरियो ।

तपसील

श्री देउराली माध्यामिक विधालय धनपा ८ सान्ताङ्ग कक्षा १०

श्री अमरज्योती प्राथमिक विधालय धनपा ९ माहाङ्ग कक्षा ५

श्री सिंहदेवी आभारभूत विधालय धनपा ६ खाल्डे कक्षा ७

श्री दिपज्योती इङ्गलिस वोर्डिङ्ग स्कुल धनपा १ हिले कक्षा ८

श्री समता स्कुल धनपा ७ चुलीवन कक्षा ४

**निर्णय नं. १३**

धनकुटा नगरपालिका ५ मा रहेको श्री गोकुण्डेश्वर वाल मन्दिर माध्यामिक विधालय र वाल मन्दिर प्राथमिक विधालयलाइ समायोजन गरी नमुना विधालय वनाउन चल अचल सम्पती, शिक्षक, विधार्थी र कर्मचारी सहित श्री गोकुण्डेश्वर वाल मन्दिर माध्यामिक विधालयमा श्री वाल मन्दिर प्राथमिक विधालय २०७४/११/२२ मा समायोजन हुदा वाल मन्दिर प्राथमिक विधालयमा कार्यरत विधालय कर्मचारी श्री सीतादेवी भूजेल समायोजन हुन छुट भएको पाइएकोले निज श्री सीतादेवी भूजेललाइ विधालय कर्मचारीका रुपमा श्री गोकुण्डेश्वर वाल मन्दिर माध्यामिक विधालयमा समायोजन गर्ने र समायोजन हुदाको दरले छुट सहितको सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

आवास सहुलियत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि लगत संकलन तथा सिफारिस समितिका सदस्य श्री सिता श्रेष्ठको सट्टा अम्विका परियारलाइ मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.नं. ३११७१ चुलीवन भ्यूटावर शीर्षकमा विनियोजित रकमवाट रु १०००००/- घटाइ उक्त रकम विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

असार २५ गते देखि आएको अविरल वर्षका कारण घरमाथिवाट पहिरोका साथै विसाल ढुङ्गा झरी धनकुटा नगरपालिका ३ निवासी श्री निम वहादुर दर्जीको वनी रहेको पक्का घर भत्किनुका साथै पुरिन गएको हुनाले विपद् व्यवस्थापन कोषवाट रु १,००,०००/- आर्थिक सहायता दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन२०७७अनुसार धनकुटा नगरकार्यपालिकाका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्न प्रयोग गरिने का.स.मू फारम धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन २०७७ मा उल्लेख भएको अङ्क अनुसार हुने गरी निजामती कर्मचारीले प्रयोग गर्ने का.स.मू फारम प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

चालु आ.ब.मा संघिय सरकारबाट प्राप्त भएको विशेष अनुदान रकम मध्ये फोहर व्यवस्थापनका लागि गार्वेज कम्प्याक्टर/ट्रक खरिद गर्ने भएको E-Bidding मा Covid 19 संक्रमण रोकथामका लागि भएको Lockdown का कारण २ पटक सम्म म्याद थप भएको साथै पहिलो बोलपत्र समेत आवश्यक कागजात अभावका कारण रद्द भई दोश्रो पटक आव्हान गर्दा नगरपालिकाले खोजेको Specification अनुसारको समान उत्पादक कम्पनिसँग Order गर्नु पर्ने भनि स्विकृत बोलपत्रवाला कम्पनि न्यू अटोवेज प्रा.लि., पोखराले कार्तिक सम्मको समय माग गरेको हुँदा नेपाल सरकारको मिति २०७७/३/२९ गतेको निर्णय समेतका आधारमा आगामि आर्थिक बर्षमा भुक्तान हुने गरि आ.ब. २०७७/०७८ को बजेट तथा कार्यक्रममा समावेश गराउने र सो रकम समेतलाई खर्च मानी बाँकि रहेको रकम मात्र संघिय सरकारलाई फिर्ता गर्ने निर्णय गरियो ।